बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

कृषि तथा पशुपन्छी विकास कार्यालय

पत्र संख्या: ०८३/८४ चरिकोट, दोलखा

सूचना नं.: ०३

प्रस्ताव आव्हानको सूचना।

(प्रथम पटक सूचना प्रकाशन मितिः२०८३/०८/०३)

कृषि तथा पशुपन्छी विकास कार्यालय, दोलखाको आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायका कार्यक्रमहरु एकीकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ बमोजिम लागत साझेदारीमा सञ्चालन गर्न ईच्छुक पशुपालक तथा मत्स्यपालक कृषक समूह/सहकारी संस्था/ निजी फार्महरुले यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिन (२०८३/०८/२३ गते) भित्र आवश्यक कागजातहरु सहित यस कार्यालयमा प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ। साथै रित नपुगी वा म्याद नाघि प्राप्त प्रस्तावहरु छनौटमा समावेश नगरिने व्यहोरा समेत जानकारी गराईन्छ।

क्र .स	कार्यक्रमको नाम	लक्षित लाभग्राही	परिमाण (संख्या)	प्रति साझेदार अधिकतम अनुदान रकम	कार्यक्रमको कूल बजेट (रु. लाखमा)	न्यूनतम शर्तहरु
१	पशुपालनमा असल अभ्यास प्रवर्द्धन कार्यक्रम	दुग्ध उत्पादक सहकारी संस्था र दर्तावाल निजी फार्म	१०	रु. १ लाख	१०	क. प्रस्तावक सहकारी संस्था सूचना प्रकाशनको मितिमा स्थापना भएको न्यूनतम १ वर्ष पुरा भई दैनिक १०० लिटर दूध संकलन गरेको हुनुपर्नेछ। ख. प्रस्तावित संस्थामा आवद्ध कृषकहरु र निजी फार्महरुले दैनिक न्यूनतम ८ लिटर दूध बिक्रि गरेको हुनुपर्नेछ। ग. पशु बिमा गरेको कागजात अनिवार्य पेश गर्नुपर्नेछ। घ. अनुसूची - १४ बमोजिमको फारम भर्नुपर्नेछ।
२	पशुपन्छी तथा मत्स्य उद्यमशिलता विकास कार्यक्रम	दर्तावाल निजी फार्म/कृषि कम्पनी	१२	रु. २ लाख	२४	क. उद्यमशीलता प्रवर्द्धन हुने तलका क्रियाकलाप सञ्चालन गर्न सकिने छ। जस्तै दुग्धजन्य/मासुजन्य पदार्थको प्रशोधन, भण्डारण, विविधिकरण तथा बजारिकरण सम्बन्धी/ हे साईलेज उत्पादन व्यवसाय सम्बन्धी/ व्यवसायिक पशुपन्छी/मत्स्य उत्पादन तथा प्रशोधन।

पुनश्चः कार्यक्रम कार्यान्वयनका क्रममा प्रदेश सरकारबाट वार्षिक स्वीकृत कार्यक्रम र बजेटमा थप घट भएमा सोही अनुसार लाभग्राही छनौट गरि कार्यान्वयन गरिनेछ।

आवश्यक कागजातहरु:

१. रु. १० (दश) को हुलाक टिकट टाँसेको अनुसूची - २ अनुसारको निवेदन।
२. प्रस्तावकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
३. प्रस्तावक सम्बन्धित सरकारी निकायमा दर्ता/नविकरण, PAN र आ.व. २०८२/८३ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।
४. सहकारी संस्थाको आ.व. २०८२/८३ को लेखापरिक्षण प्रतिवेदन र साधरण सभा बैठकको निर्णय प्रतिलिपि।
५. जग्गाको स्वामित्व देखिने कागजात (भाडामा भए ५ वर्षको करार सम्झौता पत्रको प्रतिलिपि)।
६. अनुसूची - ४ अनुसारको संक्षिप्त कार्य-योजना।
७. अनुसूची - ५ बमोजिमको प्रतिबद्धता पत्र।
८. अनुसूची - ६ बमोजिमको कार्य स्थान खुल्ने नक्सा।
९. अनुसूची - २२ बमोजिमको स्व घोषणा।
१०. सम्बन्धित स्थानीय तह, वडा कार्यालय वा पशु सेवा शाखाको दोहोरो सुविधा नलिएको वा नहुने बारेको सिफारिस पत्र।
११. समूह/सहकारीको हकमा कार्यक्रममा सहभागी हुने कृषकको नाम र ठेगाना खुलाईएको पत्र।
१२. किसान सूचीकरण दर्ता नम्बर भएको किसान परिचय पत्रको प्रतिलिपि अनिवार्य हुनुपर्नेछ।
१३. गत आर्थिक वर्षमा कृषि,पशुपन्छी, वन तथा वातावरण मन्त्रालय बागमती प्रदेश वा मातहतका कार्यालय वा अन्य निकायबाट कृषि क्षेत्र विकासका लागि अनुदान प्राप्त गरेका लाभग्राहीलाई चालु आर्थिक वर्षको अनुदान कार्यक्रममा सहभागी गराईने छैन।

डा. टेक राज पौडेल
वरिष्ठ पशु विकास अधिकृत (सबै रहे)
कार्यालय प्रमुख

नोटः प्रस्तावकहरुले अनुसूची २,४,५,६,१४, २२ र एकिकृत पशुपन्छी तथा मत्स्य कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ यस कार्यालयको वेवसाईट *vetdolakha.gov.np* तथा फेसबुक पेज *https://www.facebook.com/pashuaspatalkendra* (कृषि तथा पशुपन्छी विकास कार्यालय दोलखा) वा मन्त्रालयको वेवसाईट https://moald.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ। थप जानकारीका लागि कार्यालयको सम्पर्क नं. ०४९-४२१११५ वा सचना अधिकारी ९८५४०४५११४ मा सम्पर्क गर्न सकिनेछ।